# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।२४ गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला भोजपुर, हतुवागढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, घोडेटारमा कार्यरत असिस्टेन्ट सव इन्जिनियर नईन्द्र पारुहाङ्ग राईले सडक निर्माण, स्तरोन्नती र पोखरी निर्माण कार्यको मूल्याङ्कन बिल बनाईदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिइ गएको टोलीले निज असिस्टेन्ट सव इन्जिनियर नईन्द्र पारुहाङ्ग राईलाई सेवाग्राहीसँग रू.२०,०००/-(वीस हजार) घुस/रिसवत बापतको रकम लिइसकेको अवस्थामा पक्राउ गरी नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज असिस्टेन्ट सव इन्जिनियर नईन्द्र पारुहाङ्ग राईले सम्बन्धित उपभोक्ता समिति मार्फत स्काभेटर प्रयोग गरी निर्माण गरेका योजनाहरूको मूल्याङ्कन गरी बिल बनाईदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रिसवत माग गरी लिएको स-प्रमाण पुष्टि भएकाले निज असिस्टेन्ट सव इन्जिनियर नईन्द्र पारुहाङ्ग राईको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसूर अपराध भएको हुँदा निजलाई विगो रू.२०,०००।—(वीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता